# पुतलीबजार नगरपालिका
## नगरकार्यपालिका वैठक

वैठक संख्याः ९९
मिति २०८०।१०।१९
समयः बिहान ८.०० बजे

**वैठकका प्रस्तावहरुः**

१. विगतको कार्यपालिका वैठकको निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्वन्धमा ।
२. भूमि वर्गीकरण प्रतिवेदनको स्वीकृति सम्वन्धमा ।
३. रानीथुम्का आधारभूत विद्ध्यालय भवन निर्माणको लागि लागत साझेदारी सम्झौता स्वीकृती सम्वन्धमा ।
४. सिटी हल अगाडीको खाली जग्गामा पार्कीङ्ग शुल्क उठाउन ठेक्का लगाउने सम्वन्धमा ।
५. रिक्त दरबन्दीहरुमा सेवा करार गरी पदपूर्ति गर्ने गर्ने सम्वन्धमा ।
६. म.ले.पको प्रारम्भिक प्रतिवेदन उपर छलफल गर्ने सम्वन्धमा ।
७. वाडखोला नयाँबजार पौवैगौडे सडक खण्ड स्तरोन्नतीको लगि सडक डिभिजन कार्यालय, पोखरा मार्फत भौतिक पूर्वाधार तथा यातायत मन्त्रालयलाई माग गरी पठाउने सम्वन्धमा ।
८. इन्जिनियर आशिष पोखरेलको बढुवा बदर गर्ने सम्बन्धमा ।
९. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सूचन तथा प्रविधि शाखाको च.नं. ४१७ मिति २०८०/१०/५ को सुझाव कार्यान्वय सम्वन्धि पत्र सम्वन्धमा ।
१०. स्याङ्जा चेम्वर अफ कमर्शलाई महोत्सव सहयोग सम्वन्धमा ।
११. समाजिक सुरक्षा कोषमा आवद्द हुन सम्झौता गर्ने सम्वन्धमा ।

**निर्णय नं १**

प्रस्ताव नं १ माथि छलफल गर्दा गत मिति २०८०/१०/३ को कार्यापालिकाको वैठकवाट भएका निर्णयहरुको समीक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो । स्थानीय तह क्षमता स्वमूल्याँकनको नतीजामा थप सुधार गर्न आगामी दिनमा सूचकमा आधारित भएर कार्यसम्पादनमा जोड दिने । साथै वडा कार्यालयहरुवाट सेवा प्रवाह गर्दा सेवाग्राहीले प्रचलित कानून अनुसार नगरपालिकालाई तिर्नु वुझाउनुपर्ने दायित्व समेत भुक्तानी नभई सेवा लिईरहेको पाइएकोले नियमानुसार असूल गर्नुपर्ने कर तथा सेवा शुल्क असुली कार्यलाई प्राभावकारी वनाई नगरपालिकाको आन्तरिक आय वृद्दीमा समेत जोड दिने निर्णय गरियो ।

**निर्णय नं २**

प्रस्ताव नं २ माथि छलफल हुँदा भू उपयोग ऐन तथा नियमावली अनुसार यस नगरपालिकाको स्थानीय भू उपयोग तथा भू वर्गीकरण योजना तयार भई पेश भएकोले स्वीकृत गर्ने र परामर्शदातालाई सम्झौता बमोजिम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ३**

प्रस्ताव नं ३ माथि छलफल गर्दा रानीथुम्का आधारभूत विद्ध्यालय पुतलीबजार नगरपालिका १३ को भवन निर्माण कार्य पुतलीबजार नगरपालिका, पहारट्रष्ट नेपाल र विद्ध्यालय व्यवस्थापन समितिको लागत साझेदारीमा निर्माण गर्ने गरी समझदारी भए अनुसार सो योजना कार्यान्वयन गर्न नगरपालिको तर्फवाट स्थानीय विकास कोष (लागत साझेदारी) शिर्षकवाट रकम रु.७,५००००। अक्षेरुपी सात लाख पचास हजार रकम व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

प्रस्ताव नं ४ माथि छलफल गर्दा हाल यस नगरपालिको व्यवस्थापन स्वामित्वमा रहेको पुतलीबजार १ स्थित सिटीहलको वरपरको खाली जग्गामा पार्कीङ्ग व्यवस्थापन गर्ने र सो पार्कीङ्ग वापत पार्कीङ्ग शुल्क लगाउने निर्णय भई ठेक्काको लागि पटक पटक सार्वजनिक सूचना गर्दा समेत कुनै ठेक्का पर्न नआएको अवस्था छ यस्तो अवस्थामा यस वर्षको वाँकी अवधिको सम्पूर्ण रकम (मु. अ. कर समेत) अग्रीम रुपमा बुझाई नियमानुसार सम्झौता गर्न ईच्छुक व्यक्ति वा संस्था संग नियमानुसार समझौता गरी ठेक्का बन्दोवस्त गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

प्रस्ताव नं ५ माथि छलफल गर्दा यस नगरपालिकाको लागि स्वीकृत दरवन्दी अनुसारका निम्न दरवन्दीहरु रिक्त रहेको र पदपूर्ति नगर्दा कार्यसम्पादनमा असर पर्ने भएकोले पुतलीबजार नगरपालिका करारमा कर्मचारी व्यवस्थापन कार्यविधि २०७४ बमोजिम खुला प्रतिष्पर्धा गरी सेवा करार गर्ने निर्णय गरियो ।

सहायक कम्प्युटर अपरेटर - १

फायर फाईटर -१

सरसफाई सुरपरभाईजर - १

सरसफाई कर्मी -३

**निर्णय नं ६**

प्रस्ताव नं ६ माथि छलफल गर्दा महालेखा परीक्षकको कार्यालयवाट यस नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन प्राप्त भएकोले सो प्रतिवेदन उपर छलफल गरियो र सो प्रतिवेदनले उल्लेख गरेका विषयहरु समयमा नै फर्छौट गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**

प्रस्ताव न ७ माथि छलफल गर्दा यस नगरपालिका अन्तरगतको वाडखोला नयाँबजार पौवैगौडे सडक खण्ड स्तरोन्नती गर्न अत्यावश्यक भएको र नगरपालिका संग सो सडक निर्माणको लागि आवश्यक पर्ने बजेटको अभाव भएको हुँदा सडक निर्माणको लागि आवश्यक बजेट विनियोजन गरिदिनुहुन सडक डिभिजन कार्यालय,. पोखरा मार्फत भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई अनुरोध
गरी पठाउने निर्णय गरियो ।



२०८०-१०-१५
हरिराम नागिला
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं ८**

प्रस्ताव न ८ माथि छलफल गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश पोखराको च.नं. ११३१, मिति २०८०/१०/११ को पत्रवाट "प्रदेश लोक सेवा आयोग गण्डकी प्रदेशको च.नं. २५१, मिति २०८०/१०/०७ को आयोगवाट भएको निर्णय कार्यान्वयन सम्वन्धी प्राप्त पत्रानुसार तुलसीपुर उपमहानगरपालिका दाङमा पदाधिकार रही संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय काठमाडौंको च.नं. स्था.११४३, मिति २०७८/०८/२० को पत्रानुसार तहाँ नगरपालिकामा कामकाजमा खटिएका इन्जिनियर अधिकृत छैटौं आशिष पोख्रेललाई स्थानीय सेवा (गठन तथा सञ्चालन अध्यादेश) २०७९ हाल स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ को दफा (९) को उपदफा (१) बमोजिम सातौं तह कायम गरेको विषयका सन्दर्भमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ को क्षेत्राधिकार गण्डकी प्रदेशभित्र मात्र रहेकोले अन्य प्रदेशमा पदाधिकार रहेको कर्मचारीलाई काममाज गर्न आएकै आधारमा गण्डकी प्रदेशमा लागू हुने कानून बमोजिम तह कायम गरेको विषय मिलेको नदेखिएकोले निजको तह कायम गरिएको निर्णय बदर गरी यस कार्यालयलाई जानकारी दिनुहुन मिति २०८०/१०/११ को प्रमुख सचिवस्तर निर्णयअनुसार अनुरोध छ" भनी उल्लेख भई आएकोले पत्रानुसार निज ई. आशिष पोख्रेललाई अधिकृत सातौ तहमा गरिएको निर्णय बदर गर्ने अधिकृत छैटौं ईन्जिनियर कायम गरी जानकारी पठाउने निर्णय गरियो ।

**निर्णय नं ९**

प्रस्ताव न ९ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सूचन तथा प्रविधि शाखाको च.नं. ४१७ मिति २०८०/१०/१५ को सुझाव कार्यान्वय सम्वन्धि पत्र तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगाल काठमाडौंको मिति २०८०/०७/१६ को प्रेस विज्ञप्ति प्राप्त भई जानकारी हासिल गरियो । पत्र तथा विज्ञप्तिमा उल्लेखित सुझावहरुमध्ये नगरपालिकासंग सम्वन्धित सूझावहरुलाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं १०**

प्रस्ताव नं १० माथि छलफल गर्दा स्याङ्जा चेम्वर अफ कमर्शले दोश्रो आँधीखोला महोत्सव सञ्चालनको लागि मिति २०८०/०८/१० मा सहयोगको लागि प्रस्ताव पेश गरी प्रस्ताव अनुसार कार्यसम्पादन प्रतिवेदन समेत पेश गरेको र चौधौ नगर सभावाट मेला महोत्सव शिर्षकमा रकम विनियोजन भएकोले उक शिर्षकवाट रु.६००००० । अक्षेरुपी छ लाख मात्र स्याङ्जा चेम्वर अफ कमर्शलाई महोत्सव सञ्चालन अनुदान उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ११**

प्रस्ताव नं ११ माथि छलफल गर्दा योगदानमा आधारित समाजिक सुरक्षा ऐन २०७४ नियमावली २०७५ तथा सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि २०७९ अनुसार पुतलीबजार नगरपालिका क्षेत्रका अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगार व्यक्तिहरुको समाजिक सुरक्षा योजना सञ्चालन गर्ने सामाजिक सुरक्षा कोष संग सम्झौता गर्ने निर्णय गरियो ।



२०८०-१०-१९
हरिराम नागिला
प्रमुख प्रशासकीय अधिकृत